श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री राष्ट्रिय प्राथमिक विद्यालय बकाल चकञ्नपुर सप्तरीको विद्यालय भवन निर्माणको लागि आर्थिक स्रोत जुटाउन करीब डेढ महीनासम्म आयोजना गर्ने रमाइलो मेलामा लाग्ने मनोरञ्जन कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## लोक सेवा आयोगको सूचना

निजामती सेवा नियमावलीको नियम २.५ को देहाय (१) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि स्थायी पदपूर्ति गर्न कारवाही चलाएको प्राविधिक सेवा तथा पदको हकमा उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर ३ जिल्लाबाहेकका अन्य ७२ जिल्लाहरू तोकिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भुवनमानसिंह प्रधान
सचिव
लोक सेवा आयोग



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२४